आज मिति २०७५ साल चैत्र १९ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, नगर उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री उदय बहादुर खड्का, का.वा. वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्ष्मन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेल, वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री कमलप्रसाद पौडेल, (सदस्य सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन वडा नं. ४ अध्यक्ष सहयोगी
श्री मान बहादुर ठाडा, लेखाअधिकृत आठौं
श्री राजेश बुढा, स्वास्थ्य संयोजक
श्री शिशिर कुमार खड्का, योजना शाखा प्रमुख
श्री कुल बहादुर खड्का, ना.सु.
श्री अनिल चपाई, सूचना प्रविधि अधिकृत
श्री शेर बहादुर सार्की, सरसफाईकर्मी सहयोगी
श्री विजयकुमार खत्री, ६०

Scanned by CamScanner

**प्रस्ताव नं. १ : शहरी स्वास्थ्य केन्द्र स्थापना सम्बन्धमा ।**

निर्णय नं. १ : यस भेरीगंगा नगरपालिकाको वडा नं. १, ३, ४, ६, ७ र १३ मा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने निर्णय गरियो । उक्त केन्द्रहरुका प्रत्येकमा १/१ जना अहेव, १/१ जना अनमी, १/१ जना कार्यालय सहयोगी साथै साविकको चार वटै स्वास्थ्य चौकीमा ल्याव असिस्टेन्ट चौथो तह दरवन्दी सिर्जना गर्ने निर्णय गरियो । साथै उक्त पदमा तत्काल करारमा पदपूर्तिका लागि निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : आगलागी पिडितलाई सहयोग सम्बन्धमा ।**

निर्णय नं. २ : यस भेरीगंगा नगरपालिकाको वडा नं. १ बस्ने गोरख बहादुर शाहीबाट आगलागि भई राहत पाउँ भनी पेश गरेको निवेदनअनुरुप रु ५ हजार रुपैयाँ राहत स्वरुप सहयोग प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : ट्यूसन तथा कोचिङ सेन्टरलाई अनुमति दिने सम्बन्धमा ।**

निर्णय नं. ३ : यस भेरीगंगा नगरपालिकाको वडा नं. १२ वस्ने रुद्र कुमार पुनवाट हिमशिखर ट्यूसन तथा कोचिङ सेन्टर संचालन अनुमति पाउँ भनी प्राप्त निवेदन अनुसार प्रक्रिया पुगेको देखिएकोले अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : जिल्ला रेडक्रस सोसाइटीको सदस्यता सम्वन्धमा ।**

निर्णय नं. ४ : नेपाल रेडक्रस सोसाइटी सुर्खेतवाट यस नगरपालिकावाट सदस्यता लिने सम्वन्धमा प्राप्त निवेदनअनुसार नगरपालिका सदस्य बन्ने र सदस्यता वापत लाग्ने शुल्क नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो । साथै उक्त संस्थाको लागि अधिवेशनका लागि रु २५ हजार रुपैयाँसमेत चालु शिर्षकवाट प्रदान गर्ने निर्णय गरियो

**प्रस्ताव नं. ५ : भेरीगंगा १२ मा ग्राभेलका लागि वजेट थप सम्वन्धमा ।**

निर्णय नं. ५ : यस नगरपालिकाको वडा नं. १२ मा रहेको भक्त वहादुर शाहीको घुम्टीदेखि सल्लीचोक जोड्ने सडक ग्राभेलको लागि बिनियोजन रकममा थप ६० हजार कन्टेन्जेन्सीबाट व्यहोर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६ : घ वर्गको इजाजत पत्र प्रदान गर्ने सम्वन्धमा ।**

निर्णय नं. ६ : यस नगरपालिकामा घ वर्गको इजाजतपत्र प्राप्तिका लागि न्यू देउती गंगामाला निर्माण सेवा भेरीगंगा १० सुर्खेतवाट प्राप्त निवेदन बमोजिम सम्पूर्ण आवश्यक योग्यता पुरा गरेको देखिएकोले इजाजतपत्र प्रदान गर्न स्वीकृती दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : कित्ताकाट सम्वन्धमा ।**

निर्णय नं. ७ : नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कित्ता काट तथा जग्गा वर्गिकरण सम्बन्धमा भएको परिपत्र बमोजिम अंशवण्डाको हकमा कित्ताकाट सिफारिस माग भई आएमा सिफारिस गर्ने निर्णय गरियो । साथै बर्षमा एक मात्र कित्ता काट गर्नुपर्ने हकमा सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : तलब वृद्धि गर्ने सम्वन्धमा ।**

निर्णय नं. ८ : यस नगरपालिकामा महिला तथा वालवालिका कार्यालयवाट खटिई आएका सामाजिक परिचालक डम्बर कुमारी डाँगीको तलव अन्य सामाजिक परिचालक सरह चैत्र महिनादेखि लागू हुने गरी रकम वृद्धि गर्ने र सो रकम अन्य शिर्षकवाट व्यहोर्ने निर्णय गरियो ।

Scanned by CamScanner